# निर्वाचन आयोग, नेपाल
## निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
## प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२
## मोरङ

प.सं.: ०८२/८३

मिति : २०८२।१०।२०
ने.सं.: ११४६

**निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, मोरङद्वारा निर्वाचन आचारसंहिता, २०८२ को परिपालना सम्बन्धमा जारी गरिएको सार्वजनिक सूचना !**

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी, मर्यादित तथा भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन आयोग नेपालद्वारा निर्वाचन आचारसंहिता, २०८२ जारी गरी यही २०८२ माघ ०४ गतेदेखि लागू भएको व्यहोरा सर्वविदितै छ। उक्त आचारसंहिताको परिपालनाका सम्वन्धमा यस मोरङ जिल्लास्थित सबै राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलका भातृ संगठनहरु, पत्रकार, तथा सोसँग सम्बन्धित व्यक्ति, संस्था, निकाय तथा अधिकारी र आम मतदाताहरुले देहायका आचरणहरुको पूर्ण रुपमा परिपालना गर्न, गराउनु हुन यो सूचना जारी गरिएको छ।

देहाय :

१. राजनीतिक दल, उम्मेदवार तथा राजनीतिक दलका भातृ संगठनले जुलुस, आमसभा, कोणसभा, बैठक तथा भेला वा निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्य गर्दा स्थानीय प्रशासनको अनुमति लिई कम्तीमा चौबिस घण्टा अगावै जानकारी गराई बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र सभ्य र अनुशासित तरिकाले गर्नु पर्नेछ ।

२. जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले तोकिएको मापदण्ड बमोजिम आफ्नो तथा राजनीतिक दलको पहिचानको विवरण खुलाइएको पर्चा वितरण गर्न बाहेक दल वा उम्मेदवारको निर्वाचन चिह्न वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न पाइने छैन।

३. प्रचलित कानूनले निषेध गरेका सामग्री लिई तथा बालबालिकाको प्रयोग गरी जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलामा प्रदर्शन गर्न पाइने छैन । साथै, कुनै अन्य राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन पाइने छैन।

४. कसैको निजी घरजग्गा वा सार्वजनिक भवन, उद्यान, सडकका भित्ता वा पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न पाइने छैन।

५. निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा तीन सय वर्ग इन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ्ग र मुद्रकको नाम सहितको पर्चा मात्र प्रयोग गर्न पाइनेछ।

६. उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाइएको ३ X ४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन वा प्रसारण गर्न पाइने छैन।

७. राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा वा घरदैलो कार्यक्रममा तोकिए बमोजिमको आकारका दश/दशवटा सम्म झण्डा र चुनाव चिन्ह प्रयोग गर्न तथा राजनीतिक दल तथा उम्मेदवारको नाम र चिन्ह भएको एउटा मात्र तुल वा फ्लेक्स राख्न बाहेक उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन वा प्रसारण गर्ने पाइने छैन ।

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

# निर्वाचन आयोग, नेपाल

## निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

## प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

## मोरङ

प.सं.: ०८२/८३

८. राजनीतिक दल वा उम्मेदवारको बढीमा एउटा निजी र आधिकारीक वेभपेजमा त्यस्तो प्रचारप्रसार सामग्री राख्न बाहेक अनलाइन वेभपेज, टिभी स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दल वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न गराउन पाईने छैन।

९. दलको झण्डा वा चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन, भित्तेलेखन गर्न गराउन र चारपाङ्ग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा लगायत कुनै पनि सवारीसाधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचारप्रसार गर्न पाइने छैन।

१०. दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्‍याली गर्दा बढीमा दशवटा राष्ट्रिय झण्डा प्रयोग गर्न बाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन पाइने छैन।

११. कुनै पनि धर्मको नाममा तथा साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचारप्रसार गर्न गराउन तथा ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउने गरी प्रचारप्रसार गर्न गराउन वा मत माग्न र उम्मेदवार तथा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन पाइने छैन।

१२. राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले निर्वाचन अधिकृतको अनुमति लिएर आयोगले तोके बमोजिम सवारी साधन मात्र प्रयोग गर्न पाइनेछ ।

१३. मतदान हुने दिनभन्दा सत्र दिन अघि (२०८२ फाल्गुन ४ गते) देखि मात्र निर्वाचन प्रचारप्रसार सम्बन्धी जुलुस, आमसभा वा कोणसभा गर्न, सञ्चार माध्यममा प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न तथा घरदैलो कार्यक्रम गर्न पाइनेछ।

**पुनश्चः** निर्वाचन आचारसंहिताले तोकेका व्यवस्था विपरित आचारसंहिता उल्लङ्घनका विषयमा निर्वाचन आचारसंहिता, २०८२ को दफा ४८ आकर्षित भई उम्मेदवारी रद्द हुने सम्मको सजायको व्यवस्था रहेको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ । साथै आचारसंहिता उल्लङ्घन गरेको थाहा पाउने वा देख्ने व्यक्तिले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतलाई जानकारी गराउन सक्नुहुनेछ ।

निर्वाचन आचारसंहिता, २०८२ निर्वाचन आयोग, नेपालको आधिकारिक वेबसाइट https://election.gov.np बाट डाउनलोड गरी अध्ययन गर्न सकिनेछ।

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

.............................
(सरोज कोइराला)
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
एवम्
सहायक प्रमुख जिल्ला अधिकारी, मोरङ
मोबाइल नं.: ९८५२०३७२७७